*Vol. 10 Issue 2, 238-248 Jul. 2025*
*ISSN 2382-5103*

**JOURNAL OF DEVELOPMENT REVIEW**




# लोकसाहित्यका शोधकार्यको आयाम

**शिवशरण ज्ञवाली**

उपप्राध्यापक, नेपाली विभाग, सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग, काठमाडौँ
E-mail: shivasmirti39@gmail.com

ARTICLE INFO

*Received date: April 19, 2025*
*Reviewed: June 01, 2025*
*Revised: July 05, 2025*
*Accepted: Agusta 2, 2025*

*शब्दकुञ्जी*

*लम्बीय, क्षितीजीय, लोकतत्त्व, आदर्श विधा, समुच्चय ।*

**लेखसार**

*त्रिभुवन विश्वविद्यालय नेपाली विभागबाट स्नातकोत्तर तहमा लोकसाहित्यको शोधकार्यको आरम्भ वि. सं. २०३० का दशकमा भएको पाइन्छ । हालको नेपाली केन्द्रीय विभागबाट सुरु भएको लोकसाहित्यको उक्त  शोधकार्य अहिले देशभरका २१ ओटा क्याम्पसका नेपाली विभागहरूमा विस्तार भइसकेको छ । यस्ता शोधकार्य ३ सय ४३ को सङ्ख्यामा यहाँ अध्ययन गरिएको छ । लोकसाहित्यका लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, लोकपद्य, उखान र टुक्काजस्ता विधा उपविधामा शोधकार्य केन्द्रित रहेको पाइन्छ । शोधकार्यमा क्षेत्रकार्य क्याम्पस जुन स्थानमा छ, त्यही स्थानमा गरिएको पाइन्छ । काठमाडौँका क्याम्पसका शोधकार्यका लागि भने शोधकर्ताको पायक पर्ने उपत्यकाभन्दा बाहिरका स्थानमा क्षेत्रकार्य गरिएको पाइन्छ । शोधसमस्याका रूपमा मूलत: सङ्कलन, वर्गीकरण, विश्लेषण, अध्ययननै उल्लेख भएको पाइन्छ तर पछिल्लो चरणका शोधकार्यमा विधातत्व, लोकतत्व, तुलना, रसविधान आदि पनि लोकसाहित्यका शोधकार्यका समस्या बनेको देखिन्छ । यस्ता समस्याको सिद्धान्त खोज्नका लागि लोकसाहित्यका शोधकार्यमा सय वर्ष पुराना पुस्तकदेखि नयाँनयाँ पुस्तकको प्रयोग भएको पाइन्छ ।*

*© 2025 Journal of Development ReviewSMC All rights reserved*

## विषय परिचय

लोकको साहित्य लोकसाहित्य हो । प्रज्ञा नेपाली बृहत् शब्दकोशका अनुसार लोक भन्नाले कुनै पनि निश्चित ठाउँ र जनसमूह हुन् । यही अर्थका आधारमा कुनै पनि ठाउँका जनसमूहको साहित्य नै लोकसाहित्य हो भन्ने मोटामोटी अवधारणा बनाउन सकिन्छ । जनसमूहको साहित्य जनसाहित्यले सङ्कुचित अर्थ बुझाउने हुँदा लोकसाहित्य प्रचलनमा आएको भन्ने भनाइ पनि विद्वतजगत्मा पाइन्छ । जनसमुदायले रचना गर्ने साहित्य भएकाले यस्तो साहित्यको परम्परा मौखिक हुन्छ । मानिसहरूमा यो लम्बीय र क्षितीजीय तरिकाले फैलिदैं गएको हुन्छ । सरल भएकाले यो लोकप्रिय पनि हुन्छ । लोकसाहित्यका पनि लिखित साहित्यका जस्तै विभिन्न विधा वर्गीकरण गर्ने चलन पाइन्छ । साहित्यकै विधा वर्गीकरणको अनुकरण गरेर लोकसाहित्यको पनि विधा वर्गीकरण गरिएको पाइन्छ । लोकगीत, लोककाव्य, लोककविता,

लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान टुक्का आदि गरेर लोकसाहित्यको विधा वर्गीकरण गर्ने प्रचलन रहेको छ । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली विषयमा शोध अनुसन्धानका नेपाली भाषा, लोकसाहित्य र साहित्यजस्ता क्षेत्र रहेका छन् । नेपाली विषयका अनुसन्धाताले यी क्षेत्रमा आधारित रहेर अनुसन्धान गर्ने गरेको देखिन्छ । यसैले त्रिभुवन विश्वविद्यालयको अनुसन्धानको एउटा क्षेत्र लोकसाहित्य हो । विश्वविद्यालयमा लोकसाहित्यको अनुसन्धान स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसम्म हुँदै आएको पाइन्छ । यस्तो अनुसन्धान क्रमश: तल्लो तहबाट उपल्लो तहमा जाँदा व्यापक र गुणस्तरीय पनि बन्दै गएको पाइन्छ । त्यसो त त्रिभुवन विश्वविद्यालयका अनुसन्धान निर्देशनालय, डीनको कार्यालयबाट पनि लोकसाहित्यमा अनुसन्धान भएका छन् । नेपाल संस्कृत विश्वविद्यालय तथा विश्वविद्यालय अनुदान आयोगबाट यस्ता खाले अनुसन्धान हुने गरेका छन् । तर लोकसाहित्यको अनुसन्धान परम्पराको आरम्भ भने त्रिभुवन विश्वविद्यालयबाट नै भएको हो ।

त्रिभुवन विश्वविद्यालयको नेपाली विभागमा स्नातकोत्तर तहमा लोकसाहित्यको पठनपाठनको आरम्भ वि. सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना भएपछि हुन थाल्यो (बन्धु, २०५८, पृ. १०७-१०८) । अहिले नेपाली केन्द्रीय विभाग र अन्य २० ओटा क्याम्पसका नेपाली विभागहरूले लोकसाहित्यमा अनुसन्धान कार्य गराएको पाइन्छ । यस्तो अनुसन्धान कार्यका आयाम के कस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासालाई यो आलेखको समस्या बनाइएको छ । लोकसाहित्यका अनुसन्धानलाई विभिन्न आयामबाट अध्ययन गर्नु नै यसको उद्देश्य रहेको छ । त्रिभुवन विश्वविद्यालयबाट नेपाली केन्द्रीय विभागबाट भएका स्नातकोत्तर तहका अनुसन्धानका बारेमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६२) ले शोधविधि पुस्तकमा आंशिक अध्ययन गरेको पाइन्छ । केशवप्रसाद सुवेदी (२०५७/२०५८) ले पनि 'नेपाली केन्द्रीय विभागअन्तर्गत २०५९ वैशाखसम्म पूरा भएका स्नातकोत्तरस्तरीय 'शोधकार्यहरू' शीर्षकको लेख वाङ्मय पूर्णाङ्क १० मा लेखेको देखिन्छ । यी पूर्वकार्यमा लोकसाहित्यका शोधकार्यको आंशिक अध्ययन भए पनि विभिन्न आयामबाट अध्ययन गरिएको छैन । त्यसैले यो आलेखमा त्यस्तो आयाम पर्गेल्ने प्रयास गरिएको छ । त्रिभुवन विश्वविद्याल मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहमा भएका लोकसाहित्यका अनुसन्धानको मात्रै अध्ययन गर्नु यो आलेखको सीमा रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार पार्दा पुस्तकालय कार्यबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका सामग्रीमा त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पसबाट भएका लोकसाहित्यका अनुसन्धान कार्य वा शोधपत्र रहेका छन् । ती शोधपत्र तयार गरिएका विभाग तथा क्याम्पस, शोधकार्यको परम्परा, शोधकार्यका लागि क्षेत्रकार्य गरिएका स्थान, शोधकार्य गरिएका विधा, शोधकार्यमा उठान गरिएका समस्याजस्ता कुराहरू यो लेखका प्राथमिक सामग्री हुन् । प्राथमिक स्रोतका रूपमा रहेका त्यस्ता सामग्री त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, त्यसको वेभसाइड र सम्बन्धित विभाग तथा क्याम्पसका पुस्तकालयबाट सङ्कलन गरिएको छ । द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयबाट नै गरिएको छ । द्वितीयक स्रोतका सामग्रीमा लोकसाहित्यसम्बन्धी विचार तथा मान्यता र अनुसन्धानसम्बन्धी सैद्धान्तिक दृष्टिकोण रहेका छन् ।

साहित्यिक अनुसन्धानका विभिन्न क्षेत्र हुन्छन् । त्यस्ता क्षेत्रमा लिखित साहित्य र लोकसाहित्य पर्दछन् (घर्ती, २०८०, पृ. ३७) । लोकसाहित्य अलिखित साहित्य हो । लोकले कुनै पनि ठाउँ र त्यहाँ बस्ने

जनतालाई जनाउँछ । यसको अर्थ हो कुनै पनि स्थानका जनताको साहित्य नै लोकसाहित्य हो । “युगौंदेखि मौखिक वा श्रुतिपरम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोकसाहित्य हो” (पराजुली, २०५७, पृ. २६) । अलिखित साहित्य भएका कारणले यसको क्षेत्र व्यापक हुन्छ । के गाउँ के शहर सबैतिर लोकसाहित्य जीवित रहेको हुन्छ । यो आधुनिक साहित्यजस्तो बाह्य वा प्रकाश्य हुँदैन । यो त त्यस्तो तत्त्वका रूपमा रहन्छ, जुन समुदायमा अन्तर्निहित रहेको हुन्छ । अलिखित भएका कारण यो बाह्य वा प्रकाश्य हुँदैन । यस्तो अन्तनिर्हित रहेको तत्त्वको खोजीका लागि त अनुसन्धान गर्नुपर्दछ (पोखरेल, २०२४) । लोकसाहित्यको यस्तो अनुसन्धान अहिले स्नातकोत्तर तहमा देशव्यापी रूपमा भइरहेको पाइन्छ । नेपाली विषय पठनपाठन हुने देशभरका २१ ओटा क्याम्पसहरूमा लोकसाहित्यको अनुसन्धान हुन्छ (ज्ञवाली, २०८१, पृ. ४०) । यसर्थ लोकसाहित्यको क्षेत्रजस्तै अनुसन्धान पनि बिस्तारित र व्यापक बन्न पुगेको छ । लोकसाहित्य अलिखित साहित्य भएकाले यो आमसमुदायमा रहेको हुन्छ । आमसमुदायका भावना, विचार, दृष्टिकोणको अध्ययनका लागि क्षेत्रकार्य गरिन्छ । क्षेत्रकार्यका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्क गुणात्मक प्रकृतिका हुन्छन् (भेन एण्ड पुल, २०१७, पृ.८६८) । लोकसाहित्यमा गुणात्मक अनुसन्धानकै प्रयोग हुन्छ । लोकसाहित्यको अनुसन्धान गर्दा क्षेत्रकार्य गरिन्छ (त्रिपाठी, २०६६, पृ. ७७) । देशका विभिन्न स्थानमा क्षेत्रकार्य गरेर लोकसाहित्यका सामग्रीको सङ्कलन गरिन्छ । यो क्षेत्रको शोधकार्य विभिन्न विधामा आधारित रहेर गरिन्छ । लोकसाहित्यका विधाहरूलाई आदर्श र यथार्थ गरेर दुई किसिमले हेरिन्छ (लामिछाने, २०७७, पृ. १०२) । यी दुई एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । यही अन्तर्सम्बन्धबाट विधा निर्धारित हुन्छ । पराजुली (२०८०) ले लोकसाहित्यका लोकगीत, लोकगाथा, लोककविता, लोककाव्य, उखान, टुक्का, गाउँखाने कथा, लोककथा, लोकप्रहसन र लोकनाटक गरेर दश प्रकारमा वर्गीकरण गरेको पाइन्छ (पृ.९) । उल्लिखित यिनै विधाहरूमा आधारित रहेर अनुसन्धान गरिन्छ । ती विधाभित्र जे छ त्यसकै व्याख्या विवेचना अनुसन्धानमा गरिन्छ । यही नै लोकसाहित्यका अनुसन्धानले लिने तत्त्व हो । तत्त्वमीमांसाले निर्धारित मान्यताका आधारमा नभएर अगाडि जे छ त्यसैका आधारमा कृतिको व्याख्या विश्लेषण गर्दछ (पोखरेल, २०२१, पृ. १०८) । तत्त्व शोधकार्यको समस्यामा प्रतिबिम्बित हुन्छ । समस्याको विशिष्टीकरण नै शीर्षक हो । समस्या निर्धारण भएपछि त्यसभित्रको कुनै एक पक्षमा सीमित भई शीर्षक बनाइन्छ (बन्धु, २०५२, पृ. १५) । त्यसै ले शीर्षक विशिष्ट हुन्छ । शीर्षकमा शोधक्षेत्र र शोधसमस्या गरेर दुई आन्तरिक अवस्था हुन्छन् (श्रेष्ठ, २०७९, पृ. १०) । शोधक्षेत्रमा लोकसाहित्यका विधा आउँछन् भने शोधसमस्यामा चर आएको हुन्छ । शोधकार्यमा पुस्तक, पत्रपत्रिका आदिको समीक्षा गरि एको हुन्छ ।

उल्लिखित सिद्धान्तका आधारमा यो आलेख तयार पार्दा लोकसाहित्यका शोधकार्य हुने संस्था, शोधकार्यको परम्परा, क्षेत्रकार्य गरिएका स्थान, शोधकार्य गरिएका विधा, शोधशीर्षकका समुच्चय र चर, शोधकार्यमा प्रयोग गरिएका पुस्तकको अध्ययन गरिएको छ ।

## परिणाम र विमर्श

लोकसाहित्यजस्तै यो क्षेत्रको शोधकार्य पनि व्यापक क्षेत्रमा बिस्तारित भएको पाइन्छ । स्नातकोत्तर तहमा देशभरका २१ ओटा क्याम्पसमा यस्तो शोधकार्य हुने गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति २०२८ पछि सुरु भएको स्नातकोत्तर तहको पठनपाठनमा वि. सं. २०३५ देखि शोधकार्य हुन थाल्यो । शोधकार्य लोकसाहित्यका लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, लोकपद्य, उखान र टुक्काजस्ता विधामा केन्द्रित देखिन्छन् । विशेष अवसर अर्थात पर्व, अनुष्ठानसँग सम्बन्धित विधामा कम शोधकार्य भएको पाइन्छ । शोधकार्य क्षेत्रमा

सबैभन्दा बढी योगदान नेपाली केन्द्रीय विभागबाट भएको छ । लोकसाहित्यको शोधकार्यको क्षेत्रकार्य गर्दा शोधार्थीले आफूलाई अनुकूल स्थान चयन गरेको छन् । काठमाडौँका क्याम्पसबाट शोधकार्य गरेका शोधार्थीहरू पनि शोधकार्यका लागि भने आफ्नै जिल्लातिर फर्केको देखिन्छ । यसैले काठमाडौँलाई क्षेत्र बनाएर क्षेत्रकार्य निकै कम शोधमा भएको छ । काठमाडौँको लोकसाहित्य नेपाल भाषासँग सम्बन्धित रहेको तर शोधार्थी सो भाषाका कम रहेको र स्थानीय शोधार्थी पनि निकै कम भएकाले यहाँ क्षेत्रकार्य हुन नसकेको देखिन्छ । स्नातकोत्तर तहमा लोकसाहित्यको सङ्कलन, वर्गीकरण र विश्लेषणलाई मुख्य चर बनाइएको देखिन्छ भने संरचना, कथातत्व, लोकतत्व, तुलना, विधातत्व, रसविधान, लैङ्गिकताजस्ता विषय समस्या बनेका छन् । स्नातकोत्तर तहलाई शोधको आधारभूत तह मानिने भएकाले शोधकार्यमा विशिष्ट समस्याले व्यापकता लिइसकेको छैन । लोकसाहित्यको शोधकार्य गर्दा पुराना पुस्तकदेखि नयाँ पुस्तकलाई प्रयोगमा ल्याएको भेटिन्छ । यहीँ नै यो आलेखको प्राप्ति हो । यसको विमर्श विभिन्न उपशीर्षकमा गरिएको छ ।

लोकसाहित्यमा शोधकार्य हुने विभाग तथा क्याम्पस

लोकसाहित्यको अध्यापनको सुरुवात काठमाडौँको बागबजारीस्थिति पदमकन्या क्याम्पसबाट भएको इतिहास पाइन्छ । सर्वप्रथम त्यहाँ लोकगीतको अध्ययन अध्यापन भएको थियो । तर शोधकार्यको प्रारम्भ भने त्रिभुवन विश्वविद्यालयको नेपाली विभागबाट भएको देखिन्छ । यसरी सुरु भएको शोधकार्य हाल देशभरका त्रिभुवन विश्वविद्यालयका विभिन्न २१ ओटा क्याम्पसबाट हुने गरेको छ । हालसम्म यस्ता शोधकार्य सबैभन्दा बढी नेपाली केन्द्रीय विभागबाट भएका छन् । यो विभागबाट १ सय ५७ ओटा शोधकार्य सम्पन्न भएको देखिन्छ । यसैले लोकसाहित्यको शोधकार्यमा नेपाली केन्द्रीय विभागले सबैभन्दा बढी योगदान गरेको छ । यसै गरी पृथ्वीनारायण बहुमुखी क्याम्पस ६१ ओटा, र त्नराज्यलक्ष्मी क्याम्पसबाट ३६ ओटा, त्रिचन्द्र बहुमुखी क्याम्पस २९ ओटा, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज २३ ओटा, स्नातकोत्तर क्याम्पस विराटनगरबाट १६ ओटा लोकसाहित्यका शोधकार्य भएको पाइन्छ । यी उल्लेख्य मात्रामा शोधकार्य भएका पाँच क्याम्पस हुन् ।

स्नातकोत्तर तहमा लोकसाहित्यको शोधकार्य हुने विभाग र क्याम्पसहरूमा नेपाली केन्द्रीय विभाग कीर्तिपुर, रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौँ, त्रिचन्द्र बहुमुखी क्याम्पस काठमाडौँ, पदमकन्या बहुमुखी क्याम्पस काठमाडौँ, पाटन संयुक्त क्याम्पस काठमाडौ ँ, सरस्वती बहुमुखी क्याम्पस काठमाडौँ, महेन्द्ररत्न बहमुखी क्याम्पस इलाम, महेन्द्र बहुमुखी क्याम्पस सुनसरी, स्नातकोत्तर क्याम्पस मोरङ, रामस्वरूप रामसागर बहुमुखी क्याम्पस धनुषा, वीरेन्द्र बहुमुखी क्याम्पस चितवन, द्रव्य शाह बहुमुखी क्याम्पस गोरखा, पृथ्वीनारायण बहुमुखी क्याम्पस कास्की, धवलागिरि बहुमुखी क्याम्पस बागलुङ, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा, बुटवल बहुमुखी क्याम्पस रूपन्देही, भैरहवा बहुमुखी क्याम्पस रूपन्देही, महेन्द्र बहुमुखी क्याम्पस दाङ र महेन्द्र बहुमुखी क्याम्पस बाँके रहेका छन् । काठमाडौँका पशुपति बहुमुखी क्याम्पस चावहिल र भक्तपुर बहुमुखी क्याम्पस भक्तपुरमा पनि लोकसाहित्यको शोधकार्य भएको जानकारी पाइन्छ । तर ती क्याम्पसका शोधकार्यको अध्ययन भने गर्न सकिएन । अध्ययन गरिएका क्याम्पसहरूमा कम्तीमा एउटा र बढीमा १ सय ५७ सम्म शोधकार्य भएको पाइन्छ ।

## लोकसाहित्यका शोधकार्यको परम्परा

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भए पछि त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयमा लोकसाहित्यको अध्ययन परम्परा सुरु भएको इतिहास पाइन्छ । त्यसो त त्यसभन्दा पहिला पदमकन्या बहुमुखी क्याम्पसमा लोकगीतको शिक्षण

हुन थालिसकेको थियो (बन्धु, २०७४, पृ. १०७) । तर शोधकार्य भने त्रिभुवन विश्वविद्यालयको नेपाली विभागबाट वि. सं. २०३५ मा मात्रै सम्पन्न भएको पाइन्छ ।

नेपाली केन्द्रीय विभागबाट भएको लोकसाहित्यको पहिलो शोधकर्ता बद्रीविशाल पोखरेल हुन् । उनले वैतडेली उखानको वर्गीकरण (२०३५) शीर्षकमा शोधकार्य गरेका छन् (शर्मा र लुइटेल, २०६२, पृ. १२५) । यसलाई नै लोकसाहित्यमा भएको पहिलो शोधकार्य मानिन्छ । यसपछि नेपाली केन्द्रीय विभागबाट लोकसाहित्यमा प्रशस्त शोधकार्य भएका छन् । केन्द्रीय विभागपछि अन्यत्र पनि नेपाली विषयको पठनपाठन स्नातकोत्तर तहमा हुन थाल्यो । पठनपाठन हुन थालेका क्याम्पस र ती क्याम्पसबाट भएका पहिलो शोधकार्यलाई यहाँ उल्लेख गरि एको छ । स्नातकोत्तर क्याम्पस विराटनगरबाट उद्धव विष्टले सतार लोकसाहित्य : एक संक्षिप्त अध्ययन (२०५०), रत्नराज्यलक्ष्मी क्याम्पसबाट नन्दबहादुर रोकायले हुम्ली देउडा गीतको अध्ययन (२०६२), त्रिचन्द्र बहुमुखी क्याम्पसबाट हुमकला पाण्डेले अर्घाखाँची जिल्लामा प्रचलित नेपाली भाषाका उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३), पदमकन्या बहुमुखी क्याम्पसबाट सिर्जना थापाले जनकपुर नगरपालिका मैथिली संस्कार गीतहरूको सङ्कलन र अध्ययन (२०६२), महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट हिमालविक्रम कुरुवाङले पाँचथर जिल्लामा प्रचलित गाउँखाने कथा सङ्कलन : वर्गीकरण र विश्लेषण (२०६२), भैरहवा बहुमुखी क्याम्पसबाट माधवप्रसाद भण्डारीले पाल्पा जिल्लामा प्रचलित उखानहरूको सङ्कलन र वर्गीकरण (२०६३), वीरेन्द्र बहुमुखी क्याम्पस चितवनबाट केदार नाथ ढुङ्गानाले तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६५), पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराबाट खगीसरा अधिकारीले स्याङ्जा जिल्लाको सिरूवारीका गुरुङ् जातिमा प्रचलित मारुनी लोकनृत्यको अध्ययन (२०६५), त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट लक्ष्मण रेग्मीले अर्गली क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन (२०६५), महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जबाट यशस्वी कोइरालाले बाँके जिल्लाको थारू जातिको भाषा र संस्कृतिको विश्लेषण (२०६६), धवलागिरि बहुमुखी क्याम्पस बागलुङबाट वीरबहादुर चोखालले गल्कोट क्षेत्रमा प्रचलित सोरठी गीतको अध्ययन (२०६७), पाटन संयुक्त क्याम्पसबाट मनकुमार लिम्बुको ताप्लेजुङ्ग जिल्लाका प्रचलित गाउँखाने : सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६७), रामस्वरूप रामसागर बहुमुखी क्याम्पस रेवतीप्रसाद भट्टराईले चन्द्रगढी गा. वि. स. मा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण (२०६७), द्रव्य शाह बहुमुखी क्याम्पस गोरखाबाट मालती भट्टको गोरखा जिल्ला बगुवा गा. वि. स.मा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६८), महेन्द्र बहुमुखी क्याम्पस दाङबाट शिवा बुढाथोकीले दाङ जिल्लाका प्रचलित तीज गीतहरूको अध्ययन (२०७२), बुटवल बहुमुखी क्याम्पसबाट सीता पोखरेलले तीज गीतमा नारी चेतनाको अध्ययन (२०७४), सरस्वती बहुमुखी क्याम्पसबाट सुनिता पन्तले गोरखा जिल्ला गण्डकी गाउँपालिकामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०७९) रहेका छन् (ज्ञवाली, २०८१, पृ.२२-३९) रहेका छन् ।

यी तत्तत् क्याम्पसका नेपाली विभागबाट स्नातकोत्तर तहमा भएका पहिला शोधकार्यका विवरण हुन् । यसबाट लोकसाहित्यको शोधकार्यको परम्परा समृद्ध बन्दै गएको देखिन्छ ।

लोकसाहित्यका शोधकार्यमा क्षेत्रकार्य गरिएका स्थान

लोकसाहित्यका शोधकार्यमा समुच्चयको सङ्कलनका लागि क्षेत्रकार्य गरिन्छ । क्षेत्रकार्यबाट प्राथमिक सामग्री सङ्कलन गरिन्छ । सामग्री सङ्कलन देशका विभिन्न जिल्ला र स्थानीय क्षेत्रबाट गरिएको पाइन्छ । काठमाडौं उपत्यका भने लोकसाहित्यको क्षेत्रकार्यका लागि निकै कम उपयोग भएको छ । नेपाल भाषा

जान्ने नेपाली लोकसाहित्यका शोधार्थीको अभाव र स्थानीय मानिसहरूको शोधकार्यमा संलग्नता नहुँदा काठमाडौँलाई क्षेत्रकार्य बनाउने काम निकै कम मात्रामा भएको देखिन्छ । यसले यहाँको समृद्ध लोकसाहित्यको उजागर हुन सकेको छैन । नेपाल र नेपाली भाषा दुवैको ज्ञाता शोधार्थी हुँदा यो क्षेत्रमा पनि क्षेत्रकार्य बढ्ने देखिन्छ ।

लोकसाहित्यको प्राथमिक सामग्री सङ्कलन गरिएका यस्ता क्षेत्रमा बैतडी, डोटी, कास्की, गुल्मी, स्याङ्जा, कमलाखोँच, पैयुँखोला, लुम्बिनी, तनहुँ, गलकोट, लिगलिग, दोलखा, बागलुङ, प्युठान, काठमाडौँ, ललितपूर, बझाङ, गोरखा, म्याग्दी, नुवाकोट, सुर्खेत, दाङ, इलाम, दक्षिणपूर्वी पाल्पा, अर्घाखाँची, डडेल्धुरा, धनुषा, आँधीखोला, पर्वत, दैलेख, पश्चिम तनहुँ, पाँचथर, किराँत क्षेत्र, कपिलवस्तु, बाजुरा, रामेछाप, अछाम, गुल्मी जिल्लाको भुर्तुङ गा.वि.स., दार्चुलाको दुहुँ, झापा जिल्लाको पश्चिमी क्षेत्र, गुल्मी जिल्लाको पश्चिम-उत्तर क्षेत्र, गुल्मी जिल्लाको दिब्रुङ् तथा आँपचौर गा.वि.स., रूपन्देही, सर्लाही, बझाङ थली नौबिस, धादिङ, दुधकोसी क्षेत्र, दामनपालुङ क्षेत्र, ललितपुर जिल्लाको दक्षिण पूर्वी भेग, अछाम, कैलाली, पाँचथर, नुवाकोट, रोल्पा, काभ्रेपलाञ्चोक जिल्लाको बिर्ता देउराली गा.वि.स., हुम्ला, बर्दिया, सल्यान, स्याङ्जाको पीपलडाँडा, हुम्ला, बैतडी जिल्लाको मल्लो सोराड, बाजुरा, बझाङको थलारा, सङ्खुवासभा, रुकुम, प्युठान जिल्लाको दक्षिणी क्षेत्र, गुल्मी जिल्लाको धुर्कोट क्षेत्र, अर्घाखाँचीको काभ्रे क्षेत्र, मकवानपुर, गोरखा जिल्लाको भच्चेक, दाङ जिल्लाको देउखुरी, स्याङ्जा जिल्लाको दक्षिणी भेग, सल्यानको पूर्वी क्षेत्र, फेदाप क्षेत्र, सल्यान, गोरखा जिल्लाको छाप्रोक क्षेत्र, पाल्पा जिल्लाको छहरा क्षेत्र, गुल्मी जिल्लाको मुसिकोट क्षेत्र, गुल्मी जिल्लाको धुर्कोट क्षेत्र, उपल्लो आँधीखोला क्षेत्र, डोटी जोरायल क्षेत्र, रोल्पा जिल्लाको पूर्वी भेग, सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिका, बझाङ जिल्लाको नौबिस क्षेत्र, डोटीको डुम्राकोट क्षेत्र, बझाङ जिल्लाको थली नौबिस क्षेत्र, स्याङ्जा जिल्लाको वालिङ नगरपालिका, अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका, सोलुखुम्बु जिल्लाको सल्यान क्षेत्र, बाह्रदशी गाउँपालिका, दोलखाको गौरी शङ्कर गाउँपालिका, बारबर्दिया नगरपालिका, तिब्बतको ल्हासा, रोल्पा जिल्लाको माडिचौर, सङ्खुवासभा, काठमाडौँ, काभ्रे जिल्लाको ज्याम्दी, लमजुङ बिचौर क्षेत्र, त्रियुगा क्षेत्र, दोलखाको नाम्दु गाविस, लमजुङको दुराडाँडा, धादिङ जिल्लाको क्षेत्र नं. ३, तनहुँ मध्यक्षेत्र, गोरखा जिल्ला क्षेत्र नं. ३, धादिङ जिल्लाको खैरी मैदी, भोजपुर, डोटी जिल्ला गडसेरा, लुम्बिनी अञ्चल, काभ्रपलाञ्चोक जिल्लाको पूर्वी भेग, लमजुङको राइनास क्षेत्र, दोलखा जिल्लाको मालू र सहरे भेग, गोरखा जिल्लाको पालुङ्टार गा. वि.स., नुवाकोट जिल्लाको समुद्रटार गा. वि. स., सिन्धुली, काठमाडौँ जिल्लाको उत्तरी भेग, नुवाकोट जिल्लाको ओखरपौवा, चितवनको बोट समाज, दैलेख जिल्लाको दुल्लु, तनहुँ जिल्लाको बन्दीपुर क्षेत्र, तेह्रथुम, सिन्धुपाल्चोक जिल्लाको ठूलो सिरुबारी, लमजुङ जिल्लाको भोटेओडार क्षेत्र, रामेछाप जिल्लाको पूर्वी क्षेत्र, झापा जिल्लाको दक्षिण पश्चिम क्षेत्र, वनलेक गा. वि. स., सिन्धुपाल्चोक जिल्लाको बाडेगाउँ, फूलबारी गा. वि. स., जनकपुर नगरपालिका, इलाम, पाल्पा जिल्ला अगनासकाली गाउँपालिका, जाजरकोट, लमजुङ, ताप्लेजुङ, पश्चिम गुल्मी, गोरखा जिल्ला गण्डकी गाउँपालिका, भेडेटार गा. वि. स., कावेली तथा इन्द्रावती क्षेत्र, सोलुखुम्बु, सिराहा, अरुण उपत्यका, पिखुवा बेँसी, तेह्रथुम जिल्लाको पूर्वी भेग, कुलुङ क्षेत्र, मोरङ, सुनसरी, तेह्रथुम जिल्लाको पूर्वी भेग, भोजपुर जिल्लाको उत्तरी भेग, तेह्रथुम जिल्लाको सावला गा. वि. स., सिराहा, इटहरा, खोटाङ जिल्लाको पूर्वी भेग, चन्द्रगढी गा. वि. स., महोत्तरी जिल्लाको विजलपुर, झापा जिल्लाको अनारमुनी गा. वि. स वडा नं. ३, धनुषा जिल्लाको मखनाहा गा. वि. स., इलाम जिल्लाको आमचोक गा. वि. स.वडा नं. ७, तनहुँको धरमपानी, मकवानपुरको राईगाउँ, तनहुँ कछार क्षेत्र, गोरखा जिल्लाको बगुवा गा. वि.

स., गोरखा नगरपालिका, फिनाम गा. वि.स., बेनी जगन्नाथ क्षेत्र, स्याङ्जाको सिरुबारी क्षेत्र, देउराली क्षेत्र, भरतपोखरी-निर्मलपोखरी क्षेत्र, सराङ्कोट गा. वि. स., दरौँखोला क्षेत्र, थप्रेक क्षेत्र, स्याङ्जा जिल्लाको ज्यामी क्षेत्र, काहुँ क्षेत्र, तुलसी भञ्ज्याङ गा. वि. स., आँधीखोला क्षेत्र, थुम्की गा. वि. स., किस्ती नाच्ने चौर क्षेत्र, बिजुलीकोट सैपुँ क्षेत्र, स्याङ्जा जिल्लाको पश्चिम क्षेत्र, लमजुङ जिल्लाको भोर्लेटार क्षेत्र, सतौँ क्षेत्र, बागलुङ जिल्लाको तङ्ग्राम क्षेत्र, वलेवा क्षेत्र, केशवटार गा. वि. स., बागलुङको धुल्लु क्षेत्र, तनहुँ जिल्लाको रानीपोखरी क्षेत्र, पौवेँगौंडे क्षेत्र, स्याङ्जा जिल्लाको चिन्नेबास गा. वि. स., तनहुँ जिल्लाको भिचोक गा. वि. स., स्याङ्जा जिल्लाको सेती दोभान गा. वि. स., बुङ्कोट क्षेत्र, बरसाम्मी मट्टीखाना क्षेत्र, स्याङ्जा जिल्लाको फापरथुम र सेती दोभान गा. वि.स., हेम्जा गा. वि. स., फेदीखोला गा. वि. स., दुलेगौँडा क्षेत्र, राकम कर्णाली क्षेत्र, म्याग्दी जिल्लाको घतान गा. वि. स., ल्वाङ्घलेल गा. वि.स., राङ्भाङ क्षेत्र, स्वरेक गा. वि. स., कास्कीको पुम्दीभुम्दी, लमजुङ जिल्लाको गिलुङ गा. वि. स., बाटुलेचौर क्षेत्र, ग्यादी क्षेत्र, भँमरा गा. वि. स., लेखनाथ १३ क्षेत्र, धुँवाकोत क्षेत्र, म्याग्दी सिङ्घा क्षेत्र, आलमदेवी गा. वि. स. कोताकोत लसर्घा, लेखनाथ नगरपालिका गगनगौँडा क्षेत्र, किहुँ क्षेत्र, पर्वत मल्लाज क्षेत्र, कास्की तप्राङ क्षेत्र, थापाठाना क्षेत्र, ढोरीफर्दी, बागलुङ जिल्लाको दक्षिणी क्षेत्र, बागलुङ नगरपालिका, अमरभूमी गा. वि. स., लेखानी गा. वि. स., जैमिनी क्षेत्र, देविस्थान क्षेत्र, बिनामारे क्षेत्र, अर्गली क्षेत्र, पाल्पा जिल्लाको इलाका नं. ११, रूपन्देही जिल्लाको इलाका नं. ९, हुम्ला, नवलपरासी, पाल्पा, गुल्मी जिल्लाको पश्चिम क्षेत्र, मर्चवार क्षेत्र, दाङ घोराही उपमहानगरपालिका, त्रिवेणी क्षेत्र, राप्ती क्षेत्र, बाँके, बझाङ् जिल्ला कालुखेती गा. वि. स., बैतडी पाटन क्षेत्र, डोटी बोगटान क्षेत्र, बाजुरा कुण्डा क्षेत्र, दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्र, दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्र, कञ्चनपुर जिल्लाको पुनर्बास क्षेत्र, पर्वत जिल्लाको मुडीकुवा क्षेत्र, गुल्मी जिल्लाको पश्चिम उत्तर क्षेत्र, दाङ तुलसीपुर नगरपालिका क्षेत्र, पश्चिम दाङ, दार्चुला जिल्लाको मार्मा क्षेत्र, रुकुम जिल्लाको पश्चिम उत्तरी क्षेत्र, दैलेख चिंगाड क्षेत्र, दाङ जिल्लाको देउखुरी क्षेत्र, सल्लान जिल्लाको दक्षिणपूर्वी क्षेत्र रहेका छन् ।

लोकसाहित्यका शोधकार्यमा देशका पूर्वी स्थानदेखि मध्य र पश्चिमसम्मका विभिन्न जिल्ला र स्थानीय ठाउँमा क्षेत्रकार्य गरिएको उल्लिखित विवरणबाट पुष्टि हुन्छ । काठमाडौँ उपत्यका लोकसाहित्यका दृष्टिले धनी भए पनि शोधार्थी बाह्रय जिल्लाका हुनु र यहाँको लोकसाहित्य नेपाल भाषासँग सम्बन्धित हुँदा सो जातिका शोधार्थी नहुनुले पनि काठमाडौँ उपत्यकामा क्षेत्रकार्य नभएको पाइन्छ । वाङ् जिहोनले तिब्बतको लोककथामा र रेनुका राईले किरात लोककथामा शोधकार्य गर्नुले शोधार्थीको भाषा र स्थायी बसोबासले पनि शोधकार्यमा भिन्नता ल्याउने कुरा पुष्टि हुन्छ । त्यसैले सम्बन्धित क्षेत्र र जातिको शोधार्थीको संलग्नताबिना उल्लिखित क्षेत्रमा शोधकार्य हुन नसक्ने देखिन्छ ।

लोकसाहित्यका शोधकार्यमा समावेश विधा

लोकसाहित्यका शोधकार्यमा प्रयुक्त विधा भनेका शीर्षकका समुच्चय वा शोधक्षेत्र हुन् । यस्ता समुच्चयमा लोकसाहित्य र लोकसाहित्यका अध्येतासमेत रहेका छन् । नगेन्द्रकुमार भण्डारीको नेपाली लोकसाहित्यको अध्ययनमा जीवेन्द्रदेव गिरीको योगदान (२०७२) र उद्धव विष्टको सतार लोकसाहित्य एक संक्षिप्त अध्ययन (२०५०) यस्तै उदाहरण हुन् (ज्ञवाली, २०८१, पृ. २७/३२) । यस्ता केही शोधकार्यबाहेक अन्य शोधकार्यको समुच्चय भने लोकसाहित्यको विधा, उपविधा नै बनेको देखिन्छ । लोकसाहित्यका शोधकार्य भएका विधामा लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान, लोकपद्य र टुक्का रहेका छन् । लोककथा ६६, लोकगीत १९३, लोकगाथा ९, लोकनाटक १३, गाउँखाने कथा १७, उखान ३७, लोकपद्य २ र टुक्का

६ ओटा गरेर ३ सय ४३ रहेका छन् । योगदान र लोकसाहित्यकै अध्ययनजस्ता शीर्षकमा यिनमा समावेश छैनन् ।

शोधकार्यमा समावेश भएका विधा उपविधामा उखान, पर्वगीत, सामाजिक लोकगाथा, लोकगीत, लोकगाथा, भारत, पौराणिक लोकगाथा, संस्कार गीत, सांस्कारिक फाग, रोदी गीत, धमारी, गाउँखाने कथा, चैत, लोककथा, टुक्का, अठवाली, देउडा गीत, बाल लोकगीत, तामाङ् सेलो, संस्कार, पर्व र श्रम गीत, महिला लोकगीत, हाक्पारे गीत, मागल गीत, भगवतीको ठाडो खेल, नृत्यगीत, भुओ पर्वगीत, थारू लोककथा, घरगीत, लोकभजन, मारुनी, कृष्णचरित्र र नचरी, गमरा गीत, मारुनी लोकनाटक, लोकभजन, थारू भाषाका उखान, खेली गीत, गौरा गीत, महालिङ्ग देव, दुर्गा देवी र धल्देउका फाग, सांस्कारिक फाग, घाँसेगीत, रोइला गीत, घाटु लोकनाटक, बाह्रमासे गीत, ब्रह्मदेवताको गाथा, अछामी गाली, बालुन, तीज गीत, मैथिली संस्कार गीत, ठाडो भाका लोकगीत, लिम्बु लोकनाच धाननाच (यालाङ), किराँती लोककथा, शेर्पा जातिका लोककथा, झाँगड जातिका लोककथा, राजवंशी जातिका लोकगीत, मगर जातिमा प्रचलित लोकसाहित्य, पहारी जातिमा प्रचलित लोकसाहित्य, नारी विषयक उखान, जनजागरणमूलक तीज गीत, लोकनाटक, मारुनी लोकनृत्य, भानुरामायण र लोकरामायण, उक्ति, चुड्का, जन्मचक्र र श्रमसम्बन्धी लोकगीत, सिलोक, लोकपद्य, सोरठी, मागल, खेली गीत, गन्धर्व गीत, सालैजो गीत, कृष्ण चरित्र, दोहोरी गीत, असारे गीत, भोजपुरी गीत, होरी गीत, चैत, थारू भाषाका गाउँखाने कथा रहेका छन् ।

लोकसाहित्यका लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान, लोकपद्य, टुक्का लगायतका विभिन्न विधा उपविधामा लोकसाहित्यको शोधकार्य भएको पाइन्छ । अनुष्ठान र पर्वसँग सम्बन्धित विधामा भने शोधकार्य थोरै भएको पाइन्छ । अनुष्ठान र पर्वका लागि निश्चित समय निर्धारण गर्नुपर्ने तथा सङ्कलन कार्य पनि कठिन हुने हुँदा यी विधामा कम रूचि रहेको देखिन्छ । अन्य विधाजस्तै यी विधाका सामग्री कम अध्ययनले गर्दा उजागर हुन नसकेको देखिन्छ । त्यसैले यी विधाको अध्ययनमा शोधार्थी उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

लोकसाहित्यका शोधकार्यका चर

स्नातकोत्तर तहका लोकसाहित्यका शोधकार्यमा वर्गीकरण, विश्लेषण, सङ्कलन, अध्ययन जस्ता आधारभूत समस्यालाई चर बनाएको पाइन्छ । सर्वेक्षण र परम्परा पनि चरका रूपमा प्रयोग भएको पाइन्छ । स्नातकोत्तर तह पार गर्ने उद्देश्यले यस्ता शोधकार्य गरिने भएकाले यसो गरिएको देखिन्छ । शोधकार्यको प्रारीम्भक तह नै भएकाले पनि शोधकार्य आधारभूत समस्यामा केन्द्रित भएको पाइन्छ । “अधिकांश अनुसन्धानको सैद्धान्तिक आधारका निम्ति विद्यार्थी द्वितीयक सामग्रीमा भर पर्ने हुँदा शोधकार्यमा फितलोपन देखिन्छ” (एटम, २०८१) । शोधार्थीको क्षमता अभिवृद्धि तथा पाठ्यक्रममा सुधार ल्याउने हो भने यसमा सुधार हुँदै जाने निश्चित छ ।

तर पछिल्ला समयका शोधकार्यले भने संरचना, कथातत्व, लोकतत्व, तुलना, विधातत्व, रसविधान, लैङ्गिकताजस्ता समस्यालाई चर बनाएको पाइन्छ । यसबाट शोधसमस्या विशिष्ट बन्दै गएको देखिन्छ । यसबाट स्नातकोत्तरस्तरीय शोधकार्य गतिशील र गुणस्तरीय बन्दै गएको पुष्टि हुन्छ । यो तह पनि विशिष्ट अनुसन्धानतर्फ उन्मुख हुँदैछ भन्न निष्कर्षमा पुग्न सकिन्छ ।

## लोकसाहित्यका शोधकार्यमा समीक्षित पुस्तक

लोकसाहित्यको शोधकार्यमा पुरानादेखि नयाँ पुस्तकहरूको समीक्षा गरिएको पाइन्छ । एक वर्ष पुरानादेखि भर्खर प्रकाशित पुस्तक पनि समीक्षामा समावेश गरिएको छ । एउटै लेखकका दुई वा दुईभन्दा बढी पुस्तकदेखि एउटा पुस्तक मात्रै पनि समीक्षा गरिएको पाइन्छ ।

यस्ता पुस्तकमा मोतीराम भट्टको ‘उखानको बखान

र जान्ने कथाको सङ्ग्रह' (?), गंगाप्रसाद प्रधानको 'नेपाली उखानको पोस्तक' (सन् १९०८), काजी महावीर सिंह गड्तौलाको 'उखानको बखान प्रवाह' (सन् १९१७), पुष्कर शमशेरको 'नेपाली उखान र टुककाको बर्णाक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोष खण्ड १ र २' (सन् १९१८), 'उखान टुक्काको कोष' (२०२४), अमरमणि प्रधान र पारसमणि प्रधानको 'नेपाली चल्ती उखान' (सन् १९५६), पहलमान सिंह स्वाँरको 'लालुभागा' नाटक (सन् १९७५), लक्ष्मण आचार्य शास्त्रीका 'नेपाली राष्ट्रिय मुहावरा' (१९५९), 'उखान सङ्ग्रह' (१९६८), 'वीरीसक्का' (१९४६), 'तीजको कथा' (१९४८), 'बेताल पच्चिसी' (१९५२), 'प्रेमसागर' (१९५२), लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' (१९९१), बोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा' (१९९६), शङ्करप्रसाद श्रेष्ठको 'हाम्रो उखान टुक्का' (२०१८), बालकृष्ण पोखरेलको 'राष्ट्रभाषा' (२०२३), हर्षनाथ भट्टराईको 'नेपाली उखान टुक्का' (२०२३), त्रिलोक न्यौपानेको 'नेपाली उखान सङ्ग्रह' (२०२४), राममणि आर्चाय दीक्षितको 'उखान सङ्ग्रह' (२०२७), ललितजङ्ग सिजापतिको 'नेपालको लोककथा' (२०२४), प्रदीप रिमालको 'कर्णाली लोकसंस्कृति, साहित्य, सङ्गीत र कला' (२०२८), कृष्णलाल श्रेष्ठको 'कर्णाली लोकसंस्कृति' (२०२८), तुलसी दिवसका 'नेपाली लोकगाथाको अध्ययन' (२०३२) र 'नेपाली लोककथा' (२०३३), धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१), धर्मराज थापाको 'मेरो नेपाल भ्रमण' (२०१६), 'हाम्रो लोकगीत' (२०२०), 'गण्डकीका सुसेली' (२०३०), सत्यमोहन जोशीको 'हाम्रो लोकसंस्कृति' (२०१४), 'हाम्रो लोकनृत्य र लोकगीत' (२०१४), 'लोकनाच गीतको एक फन्को' (२०५३), रत्नबहादुर तमोटको 'गाउँखाने कथा' (२०२३), काजीमान कन्दङ्वाको 'नेपाली साहित्य' (२०२०) र 'नेपाली जनसाहित्य' (२०२०), रामकुमार पाण्डेको 'गाउँखाने कथा' (२०२६), कालीभक्त पन्तको 'हाम्रो लोकसांस्कृतिक इतिहास' (२०२८), देवकान्त पन्तको 'डोटेली लोकसाहित्य' (२०३२), गोविन्द आचार्यको 'सुसेली गीत' (२०३८), देवकान्त पन्तको 'डोटेली लोकसंस्कृति : एक अध्ययन' (२०३९), कृष्णप्रसाद पराजुलीको 'नेपाली उखान र गाउँखाने कथा' (२०३९), विजय चालिसेको 'डोटेली लोकसंस्कृति र साहित्य' (२०३९), कृष्णप्रसाद पराजुली सम्पादित 'बृहृत नेपाली शब्दकोश' (२०४०), पूर्णप्रकाश नेपाल यात्रीको 'भेरी लोकसाहित्य' (२०४१), किरणलक्ष्मी श्रेष्ठको 'गाउँखाने कथाको सङ्कलन' (२०४३), तेजप्रकाश श्रेष्ठको 'अछामी लोकसाहित्य' (२०४४), टेकनाथ गौतमको 'थारू जातिको इतिहास तथा संस्कृति' (२०४४), ताराकान्त मिश्रको 'मैथिली लोकसाहित्यको अध्ययन' (२०४८), रामदयाल राकेशको 'मैथिली लोकगीत सँगालो' (२०४८) र 'मैथिली संस्कृति' (२०५५), केशरजङ्ग बरालको 'पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति' (२०५०), सावित्री मल्ल कक्षपतिको 'पाल्पाका लोकगीतको अध्ययन र विश्लेषण' (२०५२), डोरबहादुर विष्टको 'सबै जातको फूलबारी' (२०५२), जयराज पन्तको 'अँजुलीभरी सगुन : पोल्टाभरि फाग' (२०५५), र त्नाकर देवकोटाको 'केन्द्रीय नेपाली भाषिक उखान र गाउँखाने कथा' (२०५८), 'कर्णालीको अथ र इति' (२०६४), मोतीलाल पराजुलीको 'नेपाली लोकगाथा' (२०४९), विश्वप्रेम अधिकारीको 'लोकसंस्कृति र लोकगीत' (२०५७), जीवलाल बस्यालको 'पश्चिमाञ्चलका नेपाली लोकगीतको अध्ययन र विश्लेषण' (२०६०), कपिल लामिछानेको 'नेपाली लोकगीतको अध्ययन' (२०६८), 'नेपालमा प्रचलित नृत्य र नृत्यनाटिका' (२०६३), 'सोरठी नृत्यनाटिका' (२०६३), चूडामणि बन्धुको 'कर्णाली लोकसंस्कृति' (२०२८), 'नेपाली लोकसाहित्य' (२०५८), 'राप्तीका गीत' (२०६०), मोहनराज शर्मा, हेमाङ्गराज अधिकारी, शरदचन्द्र भट्टराई, घटराज भट्टराईको 'नेपाली साहित्यको आलोक' (२०६०), कृष्णप्रसाद पराजुलीको 'पूर्वआधुनिक नेपाली साहित्य,

लोकसाहित्य र आधुनिक नेपाली निबन्ध' (२०६३), नृपबहादुर स्वाँरको 'स्वाँर वंशावली' (२०६१), कालीकान्त तृषितका 'मैथिली संस्कारगीत सङ्ग्रह' (२०६१), लोकनाथ मिश्रको 'मैथिलीमे व्यवहार गीत' (सन् २००४), सुवी शाहको 'नेपाली लोकगीतको झलक' (२०६२), 'मारुनी (पाङ्दुरे) लोकनाच' (२०३५), कृष्ण गुरुङको 'माया नमार है' (२०६२), राजेन्द्रप्रसाद विमलको 'मिथिलाको इतिहास, संस्कृति र कलापरम्परा' (२०६२), मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको 'लोकवार्ताविज्ञान र लोकसाहित्य' (२०६३), रामनाथ ओझा र मधुसूदन गिरीको 'पूर्वआधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध' (२०६४), कृष्णप्रसाद पराजुलीको 'नेपाली लोकगीतको आलोक' (२०५७), 'नेपाली व्यवाहरिक व्याकरण' (?), जीवेन्द्रदेव गिरीको 'लोकसाहित्यको अवलोकन' (२०५०), ईश्वरीप्रसाद गैरेको 'लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध' (२०५०), कृष्णविलास पौड्यालको 'नेपाली लोकसाहित्य, पूर्वआधुनिक साहित्य र आधुनिक नेपाली निबन्ध' (?), राजेश राईको 'किराँतीको लोककथा सङ्ग्रह' (२०६२), गोविन्द आचार्यको 'लोकगीतको विश्लेषण' (२०६२), 'राप्ती लोकसाहित्य' (२०६३), ललितजङ्ग सिजापतिको 'दन्त्यकथा माला' (२०६२), लालसिंह कर्माको 'हाम्रो लोककथा' (?), कपिलमणि ज्ञवालीको 'हितोपदेशका कथाहरू' (२०६१), महादेश अवस्थीको 'मेरा गाउँका कथा' (२०६०), गोविन्दप्रसाद पाण्डेको 'देउडा विगतदेखि वर्तमानसम्म' (२०६०), गोपाल दहितको 'थारू संस्कृति' (२०६२), महेश चौधरीको 'थारू भाषा लिरैसी व्याकरण' (२०६५), कृष्णराज कोइरालाको 'नेपाली लोकगीत सङ्कलन' (?), शम्भुप्रसाद कोइरालाको 'लोकसाहित्य : सिद्धान्त र विश्लेषण', हुमाकान्त कँडेलको 'मागल' (२०७०) रहेका छन् । पूर्वकार्यको समीक्षामा समावेश पुस्तक सय वर्षभन्दा बढी पुरानादेखि नवीन पनि रहेका छन् । शब्दकोशलाई पनि समीक्षाका पुस्तकका रूपमा उल्लेख गरेको पाइन्छ । स्थानीय स्तरमा लेखिएका पुस्तक र पत्रपत्रिका पनि समीक्षामा समावेश भएको देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत आलेख त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विषयको लोकसाहित्यको स्नातकोत्तर तहको शोधकार्यको अध्ययनमा आधारित रहेको छ । नेपाली विषयका भाषा, साहित्य र लोकसाहित्यका शोधक्षेत्रमध्ये यो लेख लोकसाहित्यका शोधकार्यमा आधारित रहेको छ । यस्तो अध्ययन पुस्तकालय विधिका माध्यमबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरी सम्पन्न गरिएको छ । द्वितीयक स्रोतका आधारमा लेखका लागि आवश्यक पर्ने विभिन्न सूचक निर्माण गरिएको छ । त्यस्ता सूचकमा लोकसाहित्यको शोधकार्य हुने संस्था, शोधकार्यको परम्परा, शोधकार्य भएका विधा, शोधकार्य भएका क्षेत्र, शोधसमस्या, शोधकार्यमा प्रयोग गरिएका पुस्तक रहेका छन् । देशभरका २१ ओटा क्याम्पसका नेपाली विभागबाट ३ सय ४३ ओटा स्नातकोत्तर तहका शोधकार्य भएको पाइन्छ । जुनजुन क्याम्पसका विभागबाट शोधकार्यका भएका छन् ती ती क्याम्पसका निकटका स्थानमा नै क्षेत्रकार्य गरिएको पाइन्छ । काठमाडौं उपत्यकामा भने निकै कम मात्र क्षेत्रकार्य भएको पाइन्छ । यो क्षेत्रमा क्षेत्रकार्य बढाउनका लागि स्थानीय व्यक्ति र स्थानीय भाषा जान्ने शोधार्थीको संलग्नता आवश्यक देखिन्छ । लोकसाहित्यका शोधकार्य लोककथा, लोकगीत, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, लोकपद्य, उखान र टुक्काजस्ता विधामा केन्द्रित देखिन्छन् । विशेष अवसर अर्थात पर्व, अनुष्ठानसँग सम्बन्धित विधामा कम देखिन्छन् । पर्व, अनुष्ठानसँग सम्बन्धित विधामा पनि शोधकार्य गराउनुपर्ने देखिन्छ । यसका लागि शोधार्थी र निर्देशक दुवैलाई उत्प्रेरणाको आवश्यकता रहेको छ । शोधकार्यका समस्यामा अध्ययन, सङ्गलन, वर्गीकरण, विश्लेषण र परम्पराका अतिरिक्त संरचना, कथातत्व, लोकतत्व,

तुलना, विधातत्व, रसविधान, लैङ्गिकताको अध्ययन रहेका छन् । अझै पनि स्नातकोत्तर तहको लोकसाहित्यको शोधकार्य सङ्कलन, वर्गीकरण र विश्लेषण तथा अध्ययनबाट माथि उठ्न सकेको पाइदैंन । तर पनि शोधकार्य आधारभूत तहबाट विशिष्ट दृष्टितर्फ उन्मुख भएको पछिल्ला शोधकार्यले पुष्टि गर्दछन् । लोकसाहित्यको शोधकार्यमा सबैभन्दा बढी योगदान नेपाली केन्द्रीय विभागले नै दिएको छ । कम्तीमा एउटा बढीमा १ सय ५७ शोधकार्य भएको पाइन्छ । यस्ता शोधकार्यहरू त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयले आफ्नो वेभसाइडमा राखेजस्तै लोकसाहित्यको पनि वेभसाइडमा अभिलेखीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ । लोकसाहित्यको शोधकार्यमा सय वर्षभन्दा बढी पुराना पुस्तकदेखि नयाँ पुस्तकसमेत पूर्वकार्य समीक्षामा समीक्षित भएको पाइन्छ । यो तथ्यबाट लोकसाहित्यको शोधकार्य समृद्ध बन्दै गएको देखिन्छ ।

## सन्दर्भ ग्रन्थ सूची


एटम, नेत्र (२०८१), “नेपालको उच्चशिक्षा र अनुसन्धान नैतिकता”, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरको एमफिल दोस्रो सत्रको कक्षामा प्रस्तुत कार्यपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

घर्ती, दुर्गाबहादुर (२०८०), अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग, काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

त्रिपाठी, वासुदेव (२०६६), साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि, काठमाडौँ : पाठ्यसामग्री पसल ।

ज्ञवाली, शिवशरण (२०८१), लोकसाहित्यका शोधपत्रमा प्रयुक्त पूर्वकार्यको समीक्षा, अप्रकाशित लघु अनुसन्धान, सरस्वती बहुमुखी क्याम्पस ।

पराजुली, कृष्णप्रसाद (२०५७), नेपाली लोकगीतको आलोक, काठमाडौँ : वीणा प्रकाशन ।

पराजुली, मोतीलाल (२०८०), नेपाली लोक साहित्यको रूपरेखा (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

पोखरेल, नारायण (सन् २०२४), श्रीमद्भागवद् भाग ३४, थ्यगत्गदभ। जततउकस्ररधधध।थयगतगदभ।अफर धबतअजरुख.मत्रथचज्छत्रऋम(भ

पोखरेल, सञ्जीव (सन् २०२१), एक अनि शून्य, काठमाडौँ : पब्लिकेसन नेपालय ।

बन्धु, चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७४), नेपाली लोकसाहित्य (चौँथो संस्क.), काठमाडौँ : एकता बुक्स ।

लामिछाने, कपिल (२०७७), लोकसाहित्य सिद्धान्त, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७९), साहित्यको अनुसन्धान व्यवस्थापन (अनुसन्धान दर्शन) (दोस्रो संस्क.), काठमाडौँ : शिखा बुक्स ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), शोधविधि (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

Vandevan, A. H. and Pool, M.S. 'Field research method, Research Gate, Joel A. C. Baum (ed.), Oxford : Blackwell publishers.